# २०८२ जेठ २६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ जेठ २१ गतेदेखि असार ६ गतेसम्म इजरायलमा आयोजना हुने World Expo 2025 मा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जय बहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | २०८२ असार १० गतेदेखि १२ गतेसम्म जनवादी गणतन्त्र चीनको बेइजिङमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको वार्षिक बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री माननीय विष्णुप्रसाद पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८२ असार २ गतेदेखि ६ गतेसम्म सिजाङ (तिब्बत) को ल्हासामा आयोजना हुने नेपाल-चीनको सिजाङ (तिब्बत) व्यापार सहजीकरण समितिको १३औँ बैठकको छलफलको एजेण्डा स्वीकृत गर्ने र उल्लिखित बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| ४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | निर्माण व्यवसायसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ५ | रक्षा मन्त्रालय | नेपाली सेनाका एकजना महासेनानीको सरूवा गर्ने, एकजना सहायक रथीको राजीनामा स्वीकृत गर्ने, चारजना प्रमुख सेनानीहरूको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने र एकजना रथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने। |
| ६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्राचीन स्मारक संरक्षणसम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | शान्तिनगर गाउँपालिका, दाङको केन्द्र वडा नं. ४ चिराघाटबाट परिवर्तन गरी वडा नं. ४ जुम्लेकुला कायम गर्ने। |
| ८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | महालक्ष्मी नगरपालिका, ललितपुरको केन्द्र वडा नं. ४ कमलपोखरीबाट परिवर्तन गरी वडा नं. ८ लुभु देवीस्थान कायम गर्ने। |
| ९ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य सेवाको अधिकृत बाह्रौं तह, अतिरिक्त स्वास्थ्य सचिव पदमा डा. केशर बहादुर ढकाल र डा. श्रीकृष्ण श्रेष्ठलाई बढुवा गर्ने। |
| १० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका मातहतको १५ शय्याको लम्कीचुहा अस्पताललाई ५० शय्यामा स्तरोन्नति गरी सुदूरपश्चिम प्रदेश सरकारले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| ११ | नेपाल गुणस्तर (प्रमाण चिन्ह) (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। | |